| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २३ र २४ गते (8 & 9th Aug. 2022) मा हुनेछ ।

कम्पनी : ULTIMATE MACHINING SOLUTIONS (M) SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/०४/१४ LT. No.268139 चलानी नं. ६०१८४०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 100 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २३, २४ र २५ गते (8 ,9 &10th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1211/073/074

आशिर्वाद ओभरसिज प्रा. लि.

बसुन्धारा, काठमाडौँ, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६

फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९

इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SAFA & AL MARWA CLEANING AND HOSPITALITY SERVICES

पूर्व स्वीकृति मिति २०७९/०४/१५ LT. No. 268073 चलानी नं. ६०१८४०४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin | 1 | 0 | 5700 | १९८,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 1400 | ४८,८१० | | | | | | | |
| 3 | Executive Sales | 1 | 0 | 2200 | ७६,७०५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ८७,१६५ | | | | | | | |
| 5 | General Clean Worker | 1 | 0 | 1000 | ३४,८६५ | | | | | | | |
| 6 | General Coordinator | 1 | 0 | 2600 | ९०,६५० | | | | | | | |
| 7 | General Supervisior | 1 | 0 | 3000 | १०४,६०० | | | | | | | |
| 8 | Marketing | 1 | 0 | 2100 | ७३,२२० | | | | | | | |
| 9 | Marketing Representative | 1 | 0 | 2200 | ७६,७०५ | | | | | | | |
| 10 | Representative | 1 | 0 | 2200 | ७६,७०५ | | | | | | | |
| 11 | Water | 1 | 0 | 1400 | ४८,८१० | | | | | | | |

कम्पनी : FACILITIES MANAGEMENT & MAINTENANCE COMPANY LLC

पूर्व स्वीकृति मिति २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१५ LT. No. 261263 चलानी नं. ६०१७७४६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 72 | 40 | 1500 | ५२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GAH HONG PRECISION SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/१४ LT. No. 268171 चलानी नं. ६०१८४०४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 47 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : GREAT PEERS (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१४ LT. No. 268169 चलानी नं. ६०१८४१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TECHWIN SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/१४ LT. No. 268170 चलानी नं. ६०१८४१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 42 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २३ गते (8th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT HR PVT LTD

Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal

T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LAMAZANI GRILL

पूर्व स्वीकृति मिति २०७९/०१/०४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०४/१५ LT. No. 261624 चलानी नं. ६०१७७९८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1400 | ४८,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २३ गते (8th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०००/०६८/०६९

Honesty Overseas Pvt.Ltd.

Basundhara Chowk-8, Kathmandu, Nepal

Phone No.: +977-1-4364494, 4352243

Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALKOBRA CLEANING EST

पूर्व स्वीकृति मिति २०७९/०४/१५ LT. No.268396 चलानी नं.६०१८४११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 50 | 0 | 100 | ३३,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २३ गते (8th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

MOBHIRA H.R. SERVICE PVT. LTD.

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4488855/4488856



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SULTAN MOHAMMED KHALAF AL SHARARI FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति २०७९/०३/०७ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०४/१५ LT. No. 265409 चलानी नं. ६०१८२१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 2 | 0 | 1000 | ३३,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : HUSSAIN AHMED SALEH AL MUTLAQ CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/०४/१४ LT. No. 268043 चलानी नं. ६०१८४१४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 5 | 0 | 1000 | ३३,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL SAMER CAR POLISHING EST

पूर्व स्वीकृति मिति २०७९/०४/१३ LT. No. 267952 चलानी नं. ६०१८४०५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waterproofing Agent | 2 | 0 | 1500 | ५०,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: साउन २३ गते (8th Aug. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## रोमानिया/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ LT. No. 267209 चलानी नं. ६०१८४१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 650 | ८२,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook helper | 20 | 0 | 550 | ६९,८२० | | | | | | | |
| 3 | Factory Worker | 20 | 0 | 550 | ६९,८२० | | | | | | | |
| 4 | General Worker | 40 | 10 | 550 | ६९,८२० | | | | | | | |
| 5 | Housemaid | 0 | 10 | 550 | ६९,८२० | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 550 | ६९,८२० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:४०,०००/-

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ LT. No. 267208 चलानी नं. ६०१८४१२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 600 | ७६,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 650 | ८२,५१५ | | | | | | | |
| 3 | General Worker | 30 | 10 | 550 | ६९,८२० | | | | | | | |
| 4 | Housemaid | 0 | 10 | 550 | ६९,८२० | | | | | | | |
| 5 | Kitchen Helper | 20 | 0 | 550 | ६९,८२० | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 550 | ६९,८२० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:४०,०००/-

कम्पनी : YB ENTERPRISE SDN. BHD. (MALAYSIA)

पूर्व स्वीकृति मिति २०७९/०४/१५ LT. No. 268148 चलानी नं. ६०१८४१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २३ गते (8th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT. LTD

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वैदेशिक रोजगारीको पीडा अन्त्य गरौं

मुलुकमा ठूलठूला राजनीतिक परिवर्तन आए। पटक-पटक व्यवस्था फेरिए। तर, हालको संघीय गणतान्त्रात्मक व्यवस्थामा आइपुग्दासम्म विकासको कामले सही दिशा लिन सकेको छैन। यदि, विकासको कामले सही दिशा लिन्थ्यो भने रोजगारीका अवसरहरु पर्याप्त सिर्जना हुने थिए। नेपालीहरुले सामान्य रोजगारीका लागि पनि विदेशिनुपर्ने बाध्यता रहँदैनथ्यो।

स्वदेशमा रोजगारीको अवसर सिर्जना हुन नसक्दा वैदेशिक रोजगार नेपालीहरुका लागि बाध्यता बनेको छ। बर्सेनि लाखौं संख्यामा युवाहरु विदेशिने गरेका छन्। उनीहरुमध्ये कोही पनि रहरले पक्कै विदेशिएका होइनन्। आफ्नो परिवार र सन्तानको भविष्यका खातिर वैदेशिक रोजगारीमा जानु उनीहरुका लागि अन्तिम विकल्प बनेको छ। यसरी विदेशिएका नेपालीहरुबाट पठाएको रेमिटचान्सबाटै मुलुकको अर्थतन्त्र धानेको छ। अर्थतन्त्रको ठूलो हिस्सा रेमिटचान्सबाट आउने रकमले ओगट्दछ।

तर, वैदेशिक रोजगारीमा जाने तिनै श्रमिकहरुको जीवन असुरक्षित बनिरहेको तथ्य लुकेको छैन। विभिन्न श्रम गन्तव्य मुलुकमा रोजगारीका लागि गएर ज्यान गुमाउने नेपालीको संख्या बर्सेनि बढ्दै गएको छ। वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७८/७९ मा मात्रै रोजगारीका लागि विभिन्न देशमा गएका एक हजार ४७९ नेपालीले ज्यान गुमाएका छन्। उक्त संख्या अघिल्लो आर्थिक वर्षभन्दा २३७ जनाले बढी हो। आर्थिक वर्ष २०७७/७८ मा एक हजार २४२ जनाको मृत्यु भएको थियो। बोर्ड सचिवालयले राखेको तथ्यांकअनुसार गत आर्थिक वर्षमा एक हजार ४७९ जना मृतकका परिवारले क्षतिपूर्ति बुझेका छन्। एक वर्षमा मृत्यु भएका श्रमिकका परिवारलाई क्षतिपूर्तिबापत ८३ करोड ६० लाख रुपैयाँ दिइएको बोर्डले जनाएको छ। एक वर्षको अवधिमा मृत्यु हुनेमा एक हजार ४३३ जना पुरुष र ४६ जना महिला रहेका छन्। २०७६/७७ मा औसतमा दैनिक तीन जना श्रमिकको विदेशमा मृत्यु हुने गरेकोमा यो वर्ष बढेर औसत चार जनामा पुगेको तथ्यांकले देखाएको छ।

बोर्डको तथ्यांकअनुसार पछिल्लो आठ वर्षको अवधिमा सात हजार ५७२ जनाले रोजगारीको सिलसिलामा विदेशमा ज्यान गुमाएका छन्। आर्थिक वर्ष २०७१/७२ मा एक हजार छ जनाको वैदेशिक रोजगारीको क्रममा मृत्यु भएको थियो भने २०७२/७३ मा ८२६ जनाले ज्यान गुमाएका थिए। त्यस्तै २०७३/७४ मा ७५८ जनाको मृत्यु भएको थियो। २०७४/७५ मा ८२६ जनाको ज्यान गएको थियो। आर्थिक वर्ष २०७५/७६ मा ७६३ जना र २०७६/७७ मा ६७२ जनाले रोजगारीकै क्रममा ज्यान गुमाएका थिए। आर्थिक वर्ष २०७७/७८ मा एक हजार २४२ जनाले ज्यान गुमाउन पुगेका थिए भने गत आर्थिक वर्षमा यो संख्या बढेर एक हजार ४७९ जना पुगेको हो। बोर्डको सचिवालयले क्षतिपूर्ति दिएको आधारमा उल्लिखित संख्या जनाइए पनि अवैधरुपमा विदेशमा काम गर्न गएर मृत्यु भएका नेपालीहरुको संख्या यकीन छैन।

यो तथ्यांकले वैदेशिक रोजगारीको पीडादायी पाटो उजागर गर्दछ। यसरी बर्सेनि विदेशमा मृत्यु हुने दर बढ्दै जानु अत्यन्तै दुःखद् अवस्था हो। विभिन्न कारण मृत्यु भएका धेरैको शव नेपाल ल्याउनसमेत समस्या हुने गरेको छ। वर्षौंदेखि शव ल्याउन नसकेका घटना बेलाबेला बाहिर आइरहेका छन्। यो अवस्था आउन नदिन सरकार र सरोकारवाला सबैको ध्यान केन्द्रित हुन जरुरी छ। वैदेशिक रोजगार तत्काल बन्द गर्न सकिने अवस्था छैन। त्यसैले सुरक्षित बनाउन आवश्यक छ। दीर्घकालीन लक्ष्य स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने हुनुपर्छ। त्यसअनुसार कार्यक्रमहरु अगाडि बढाइएको पनि छ। तर, त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपेक्षाकृत नतिजा आउन सकेको छैन। त्यसैले अब सरकारले नतिजा आउने गरी काम गर्नुपर्छ। यसका लागि सरोकारवाला सबैको दबाब आवश्यक छ।

## मननयोग्य

### विदुर नीति

कर्तव्यको ज्ञान भएन अथवा ज्ञान भएर पनि तदनुरूप अनरष्ठान गरिएन भने सुयोग्य विद्वान्‌द्वारा बताइएको ज्ञान पनि बेकार हुन जान्छ।

जुन विद्वान् व्यक्तिले पापरूप फल दिने कर्महरू गर्न थाल्दैन र धर्मानुकूल कार्य गर्दै जान्छ उनको उन्नति हुँदै जान्छ। परन्तु जसले पहिले गरेका पापहरूउपर दृष्टि दिएर बुझ्दाबुझ्दै पुनः त्यस्तै पापकर्म गर्न थाल्दछ भने त्यस्तो खोटो बुद्धि भएको मानिस गहिरो दलदलमा फसेर भयानक नरकमा खस्तछ पनि।

बुद्धिमान् व्यक्तिले गोपनीय कुरालाई प्रकट गर्ने ६ वटा साधनलाई जानोस् बुझोस्। तयस्तै आफ्नो सम्पत्तिलाई बदाउन चाहनेले (धनी हुन खोज्नेले) सदैव यी तलका कुराहरूबाट आफूलाई जोगाइराख्नुपर्दछ।

(क) अहंकार तथा मद्यपान आदि नसालु चिजबाट हुनसक्ने मनको जड्ता, (ख) निद्रा अथवा असावधानी (ग) शुत्रहरूका गुप्तचरहरू र तिनिहरूको क्रियाकलाप बारेको अनभिज्ञता (घ) आफ्नो अनुहारमा अनायास देखापर्ने हाहभाउहरू (ङ) खराब मन्त्रीहरू र त्यसैखाले सल्लाहकार वर्गमा विश्वास (च) मूर्ख (अकर्मण्य) दूतमा पूर्ण विश्वस्त रहनु। हे राजन्! जसले यी प्रगतीका बाधकस्वरूप रहेका ६ वटा ढोकालाई बन्द गर्दछ, आफू धर्म धन कमाउने काममा संग्लन रहेर आफ्ना शत्रूहरूसमेत अधीनमा पार्न सक्तछ।

शास्त्रबाट अथवा हितैषीहरूबाट सुनेको उपदेश वा ज्ञानलाई नबुझिकन तथा अनुभुवी बुद्धजनको सेवा नगरी देवगुरु (बृहस्पती) समानको बुद्धिमान् व्यक्तिले पनि धर्म, अर्थ र यसका तत्त्वहरूबारे बुझ्न वा जानकारी लिन रक्तैन।

समुद्रमा खसेको वस्तु हराउँछ। त्यस्तै नसुन्ने मानिसलाई (असावधानलाई) भनेको कुरा पनि नष्ट (काम नलाग्ने) हुन जान्छ। बुद्धि नभएको व्यक्तिले पाएको शास्त्रज्ञान आगो नभएको खरानीमा गरिएको यज्ञ (होम) जस्तै बेकार हुन जान्छ। **क्रमशः**

# वादी उत्पीडनको व्यथा



▶▶ पदम श्रेष्ठ

मेरी आमा ज्वरोले थला परेकी रहिछन्। सायद, त्यतिबेला म आठ/दश वर्षकी थिएँ। घरमा खानेकुरा केही थिएन। यौन, नृत्य र वाद्यवादन जे बिक्छ बेच्ने र नबिकेको बेला, मागेर खाने वादी संस्कार थियो। दिदीहरूको विवाह भइसकेकोले परपुरूषका लागि धन्दा गरिदिनुपर्थ्यो। आमा बूढी भइसकेकीले यौन बिक्ने कुरै भएन। त्यसमाथि बिरामीले थला परेकी आमालाई बुबाले मागेर ल्याउन भन्दै पठाउनुभएछ। पुरूषको दबदबा यस्तो थियो कि धन्दा गरेर ल्याएको पैसा पनि तास खेलेर सिध्याइदिन्थे। आमा प्रतिवादसमेत गर्नुहुन्नथ्यो।

जमिन्दारको आँपको बगैंचामा हाम्रो झुप्रो थियो। झुप्रै-झुप्रोको सानो अस्थायी बस्तीका सबैको हालत एउटै। ज्वरोले थला परेकी आमा पनि माग्न र परिवारको पेट भर्न निस्कनुभएछ। हामी बसेको आँपको बगैंचाबाट बस्ती पुग्न नदी तर्नुपर्थ्यो। सबैभन्दा त आमा बहिनी जन्मेको सुत्केरी अवस्थामै हुनुहुन्थ्यो। खोलो तरेरै त्यो गाउँ पुग्ने आँट गर्नुभएछ। मागेर ल्याउँछु र जे दिन्छ पकाएर खुवाउँछु भनेर। सुत्केरी, त्यसमाथि ज्वरोले कमजोर आमा खोला छेउ बेहोस् हुनुभएछ। कसैले देखाइदिएपछि म भक्कानिएर रोएकी थिएँ। घरमा खानेकुरा केही थिएन। मुलाको साग र अलिकति चामलको खोले बनाएर हामीले तात्तातै खाएका थियौं। कमजोरीले ढलेकी मेरी आमालाई त्यो झोलले केही राहत दिलाएको थियो। त्यो बेलाको जति दुःख त मलाई मेरी आमाको मृत्यु हुँदासमेत लागेन। किनकि, मृत्यु स्वाभाविक र सत्य हुन्छ।

**जीवनमा सबैभन्दा खुसीको दिन**

सिंहदरबारमा अर्धनग्न भएर आन्दोलन गरेपछि नेपाल सरकारले आत्मसम्मानसहित आमाको नाममा नागरिकता दिएको दिन मेरो जीवनको सबैभन्दा खुसीको दिन थियो। वि.सं. २०६४ साल पुस २३ गते मन्त्रिपरिषद्ले निर्णय जारी गऱ्यो- बाध्यात्मक यौन शोषणमा लागेका वादी समुदायलाई आय आर्जनको तालिम, बसोबास व्यवस्थापनसहित पुनःस्थापित गर्ने। त्यही दिन हाम्रो मुक्ति दिवस हो। घोषित माग सबै पूर्ण भएका त छैनन् तर आमाको नाममा नागरिकता, जग्गा भएकाहरूलाई घर निर्माण र तालिमका अधुरा कामहरू भएका छन्। त्यही दस्तावेज बनेको दिन मेरो जीवनको सबैभन्दा खुसीको दिन हो।

**वादी कुसंस्कार नथिया**

नाकको फुली फुकालेर पहिलोपटक ठालुहरूबाट बलात्कृत हुनुलाई नथिया भनिन्थ्यो, वादी समुदायमा। जुन दिनदेखि शरीर बेच्न योग्य मानिन्छिन् वादी चेली। ठालुहरूको गिद्दे दृष्टिले अभिभावकसँग ती चेलीको नथिया फुकाल्न रकम बढाबढको प्रस्ताव राख्छन्। नथिया सकारेका साहु-महाजन चाहे ५०-६० वर्षको बुढो होस् वा लक्का जवान, बलात्कृत हुनैपर्छ। मेरी दिदीहरूको नथिया देखेपछि, म भित्र कौतुहलता नभई विद्रोह हुन्थ्यो।

तर, मेरो समाजमा भने नथियाबाट आएको पैसाले माछा मासु, जाँड रक्सी खाने र पिउने साहु महाजन पल्काउने र छोरीचेलीले कमाउन सकेकोमा गौरव गर्थे। दूध खुवाउँदै गरेकी दिदीले ग्राहक देखेपछि बच्चा लुकाउँथे किनकि ग्राहकले बच्चाको आमालाई नस्वीकार्ला भन्ने पीरले। बच्चा किन रोइरहेको छ भनेर ग्राहकले सोध्यो भने त्यो भाइबहिनी भनेर झूठो बोल्थिनँ। म छुच्ची थिएँ, ग्राहककै अगाडि आफ्नै सन्तानलाई भाइबहिनी भन्ने ? भन्दिन्थें। ग्राहक भोगेर हिँडेपछि मलाई गाली गर्थे। ग्राहक यसरी भाँडेपछि के खान्छेस् नि ? भन्दै कुटपिट गर्थे। म भित्र अचम्मको प्रश्न फुर्थ्यो। हाम्रो आफ्नो जीउ आफ्नै छैन, आखिर किन ?

**मेरो पनि झण्डै नथिया !**

म १२/१३ वर्षकै उमेरमा लक्का देखिएकीले साहु महाजनको कुदृष्टि ममाथि पर्न थालिसकेको थियो। नथिया नभएकी वादी महिलामाथि जबरजस्ती गर्नु हुँदैन भन्ने मान्यता खसानभर दाङ, सल्यान, बाजुरा, कालिकोटमा थियो। राजाहरूबाट मेरो नथियाको प्रस्ताव आउन थालेपछि आमाबाबुले जब भेला बोलाउँथे, तब म सुटुक्कै कहिले मामाकोमा त कहिले काकीकोमा भागिदिन्थें। मलाई मनमा के परेको थियो भने नथिया सकार्ने साहुमहाजनले मलाई बेस्सरी यातना दिन्छन्। मेरो यस्तो हर्कतपछि आमाबाबुले नथियाविनै ग्राहकसँग पैसा लिन थाले छन्।

म विद्रोही बघिनीजस्तो प्रतिवाद गर्थे। वादी यौनधन्दा गर्ने जात, तर छोएको पानी भने पिउन नहुने कुसंस्कार कत्रो विडम्बना त्यतिखेर ? प्रतिकारका बाबजुद पनि जब राति ग्राहक आउँथे घरमा तब म बाख्राको गोठ, खेतका गराहरूमा रात बिताउँथें। बिहान उठेर घर जाँदा ग्राहकले दिदीहरूसँग भोगेर हिँडिसकेका हुन्थे। मलाई गाली गर्ने आँट उनीहरूमा थिएन। किनकि, वादीभित्रै हामीले सामाजिक मान्यताविपरीत पेसा अपनाइरहेका छौं भन्ने थाहा थियो। जसरी चोर डाँकाहरूलाई उनीहरूको कार्य ठीक होइन भन्ने थाहा भएकैले त राति कसैले नदेख्ने गरी, डर धम्की देखाएरै लुट्ने गरिन्छ।

**मेरो जन्म र वंश**

आमा सूकी वादी र पिता बलदेवप्रसादकी साहिली छोरीको रूपमा २०२१ पुसमा मेरो जन्म सल्यान जिल्लामा भएको हो। मेरी बज्यै गणेशी सल्यानकै जमिन्दार राज खलकका घर पताङिनीमा नाचगान रसरंग गर्थिन्। राणाकालीन दरवारीया वडाहाकिम साहेवज्यूको जीउधनको रक्षार्थ भारतको लखनौबाट झिकाएका कुष्टितवाज ननकौ भनिने नन्दप्रसाद कायस्थको दृष्टि परेछ मेरी बज्यैकोमा र उनैसँगको सम्बन्धबाट मेरी माताको जन्म भएको रहेछ।

मेरा कुस्तिवाज बाजे नन्दकौं, बज्यैबाट प्रभावित भई नेपालमै बस्नुभएछ, तर आर्थिक प्रगति गर्न सक्नुभएनछ। मेरा मातापिताबाट चार दिदीबहिनी श्यामा, रूक्मिणी, तरूणा र म (उमा), र एक जना दाजु राजबहादुरको जन्म भयो। त्यो रखेल संस्कारको दलदलबाट मुखिया जिम्वालसामु मेरो परिवारलाई पनि उहाँहरूले उम्काउन सक्नुभएन। तर, मलाई मेरो शरीरमा अर्काको हैकम जमाउने प्रवृत्ति कुनै पनि हालतमा ठीक लागेन। हुनसक्छ म भित्र बाजे वंशजको नश्ल, रगत उभार थियो। किनकि, मेरा बाजे वादी नश्लका नभई लखनौंका राजपुत कायस्थ वंशजका थिए। भनिन्छ, एक पुस्ताले गरेको गल्तीले सात पुस्ता पिर्छ। जसको दोष विपाक आजका पुस्ताले समेत भोगिरहेका छन्।

**नाच्दै मधेस झरेको सम्झना**

खस राजा रजौटा र भाइ भारदारका पटांगीनीहरूमा नाच्ने, वाद्यवादन बजाउने/बनाउनेलगायतका रसरंगका लागि वर्तमान भारतको वैशाली राज्य हुँदै कुमाउँ, गढवालबाट वादीहरू नेपालको सुदूरपश्चिम भित्रिएका हुन्। बाइसे-चौबिसे खस, मगर राज्यभित्रका रूकुम, रोल्पा, अछाम, डोटी, जाजरकोट, जुम्ला, कालिकोटमा वादी समुदायका बस्तीहरू थिए। राजाले नपत्याएका राम्री-राम्री छोरी नभएका वादीहरूले अर्काको गोठ, रित्तिएका झुपडी, जंगलको ओडारमा आफ्ना लालाबालालाई बास राख्नुपर्थ्यो। राजाहरूले स्वीकारेका परिवारलाई पनि मुस्किलले छ महिना खानपुग्थ्यो। त्यसैले हामी नाच्दै वाद्यवादन बजाउँदै माग्दै सल्यानबाट तराई/मधेसमा झर्‍यौं, ४०-५० वर्ष अगाडि।

हामी सल्यानबाट झरेका वादीहरूले कैलाली जिल्लाको टीकापुरस्थित सतिमा अखडा जमायौं भने कैलालीकै मुढा अत्तरिया, बर्दियाको राजापुर र अनन्तपुर, नेपालगञ्ज अरू जिल्लाका वादीले बस्ती जमाए। तर, वादीहरूलाई 'नेपाल गए पनि कपालसँगै बर्मा गए पनि' भन्ने उखानझैं तराई झर्दा पनि विभेद र यौन दासताले छोडेन। मलाई राम्रोसँग याद छ, कर्णाली नदीमा माछा मारेको। हामीलाई बास दिने जमिन्दारलाई हाम्री दिदी र माछा चढाउनुपर्थ्यो। उनीहरूले दयामायाका भरमा दिएको अन्नले प्राण धान्थ्यौं। दसैं तिहार भोज भत्तेरमा नाचगान गर्दा प्राप्त हुने भिख खाएर हामीले बाँच्नुपर्थ्यो। एक ठाउँबाट अर्को ठाउँ जान महिनौं लाग्थ्यो। हिँड्दाहिँड्दै जहाँ रात पर्‍यो, त्यहीं बास बस्ने गर्थ्यौं। भविष्य केही थिएन।

**आन्दोलनको चेतना**

भगवानले 'तँ आँट, म पुऱ्याउँछु' भन्छन् रे। मलाई पनि त्यस्तै भयो। २०३६ सालमा राजा महेन्द्रबाट वादी उत्थानका लागि बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका जंगल फाँडेर कैयौं ठाउँमा सुकुम्वासी बस्ती बसाए। तर, हाम्रो नागरिकता थिएन। बाबुको थर ठेगाना नै नभएका कारण जन्मदर्ता पनि भएन। तराईमा पासवान (द्रुसाद) र पहाडी गरिबहरूलाई जग्गा र रासनसमेत दिएर पुनर्वास गराए, तर हामी देशभित्रै अनागरिक भयौं। सरकारी कर्मचारीहरूसँग कुरा राख्दा किन चाहियो वादीलाई नागरिकता ? भन्दै उल्टै गाली दिन्थे। पोइ नै नभएकालाई नागरिकता ? भन्दै हाँसोमा उडाइदिन्थे। दसैं तिहार, फागु पर्वमा नाचगानमा अनेक अश्लील शब्द, गुण्डागर्दी गर्दै एकान्त जंगलमा हातपातको पीडा भोग्न बाध्य थियौं हामी वादीहरु।

यावत् उत्पीडनबाट निकासका लागि संगठित हुने दृढ निश्चय गर्‍यौं। वि.सं. २०४८ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना खोलिएको विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले हाम्रो पक्षमा काम गरिदिन थाले। पत्रपत्रिका तथा सञ्चारले पनि वादी समुदायको आवाज उठाउन थाले।

यही क्रममा २०५४ सालको दसैंमा वादी बस्ती विष्णुकान्तिपुर, टीकापुर कैलालीमा नाचगान गरी रमाइलो गरिरहेका थियौं। एक्कासि स्थानीय ठालुहरू आएर अपशब्द प्रयोग गर्दै समाज भाँडेको आरोपमा आक्रमण गरे। टेप रेकर्डर आदि फुटाउने, प्रतिवाद गर्नेहरूमाथि सांघातिक आक्रमण गरेपछि हामीलाई आफ्नो समुदायको सुरक्षाका लागि संगठित हुनुपर्ने आवश्यकता महसुस भयो। एउटा संगठित शक्तिको आवश्यकतालाई ध्यानमा राखी सामुदायिक सहयोग समिति शक्ति कैलाली गठन गर्‍यौं। २०५५ सालमा कैलाली जिल्ला प्रशासनमा दर्ता गरी बाँके, बर्दिया, दाङ, कञ्चनपुरका वादी समुदायलाई संगठित गर्दै लग्यौं। संस्थाको मुख्य काम वादी समुदायमाथि भइरहेको यौनशोषणविरूद्ध वैकल्पिक सीप शिक्षामूलक अभियान थाल्नु थियो। यसका लागि तत्कालीन सरकारसमक्ष २६ सुत्रीय माग राखेर आन्दोलन थाल्यौं।

हाम्रो मागहरू थिए- वादी आमाको नाममा नागरिकता दिनुपर्ने, राज्यका हरेक निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व हुनुपर्ने,

२० प्रतिशत दलितभित्रै वादीलाई २० प्रतिशत छुटचाउनुपर्ने, भूमिहीन वादीलाई तीन विघा जग्गा उपलब्ध हुनुपर्ने,

वादी सीपलाई आधुनिक आयस्रोत बनाउन सहयोग हुनुपर्ने, जागिरको ग्यारेण्टी वा स्वरोजगारमूलक व्यवसाय गर्न विनाधितो ऋण दिनुपर्ने, वैदेशिक रोजगारीमा विशेष कोटाको ग्यारेण्टी हुनुपर्ने,

छुवाछूतविरुद्ध कडा कारबाही र न्यायिक निकायमा दलित इजलासको व्यवस्था, वादी महिलासँग अवैद्य सम्बन्ध राखी अलपत्र बनाउनेलाई अंश दिलाइदिनुपर्ने, वादीभित्रका कुसंस्कार अन्त्यका लागि दीर्घकालीन कार्ययोजना ल्याउनुपर्ने। आन्दोलनमा हामीले सिंहदरवारको ढोका ढकढक्याउनेदेखि अर्धनग्न भएर गेट चढ्नुपर्ने बाध्यता भयो।

> विद्रोही बघिनीजस्तो प्रतिवाद गर्थे। वादी यौनधन्दा गर्ने जात, तर छोएको पानी भने पिउन नहुने कुसंस्कार कत्रो विडम्बना त्यतिखेर ? प्रतिकारका बाबजुद पनि जब राति ग्राहक आउँथे घरमा तब म बाख्राको गोठ, खेतका गराहरूमा रात बिताउँथें। बिहान उठेर घर जाँदा ग्राहकले दिदीहरूसँग भोगेर हिँडिसकेका हुन्थे। मलाई गाली गर्ने आँट उनीहरूमा थिएन। किनकि, वादीभित्रै हामीले सामाजिक मान्यताविपरीत पेसा अपनाइरहेका छौं भन्ने थाहा थियो।



उमा वादीको आत्मकथा

**अन्ततः वादी आन्दोलन निकासमा**

२०६४ भदौ १५ गतेका दिन थियो- सिंहदरवार दक्षिण ढोकामा धर्नामा नै सरकारतर्फबाट शान्ति तथा पुनर्निर्माणमन्त्री रामचन्द्र पौडेलले मेरो संयोजकत्वमा गठन भएको राष्ट्रिय वादी अधिकार संघर्ष समितिसँग वार्ताको आह्वान गर्नुभयो। हामीमा हर्षोल्लासको सीमा रहेन। मलाई लाग्छ- राष्ट्रिय वादी आन्दोलनलाई सफल बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको ठूलो भूमिका रह्यो। मुक्त कमैया व्यवस्थापन समितिका संयोजक डा. दीपबहादुर स्वाँरको संयोजकत्वमा हामी वादी समस्या समाधान कार्यदल गठन भएको थियो। तर, वादी समस्यालाई जनस्तरबाट उठाउने कार्य १० वर्षे माओवादी जनयुद्धपछि उठेको चेतनाबाट भएजस्तो मलाई लाग्छ।

*(वादी मुक्तिका संघर्षशील अभियन्ता उमा वादीसँगको कुराकानीमा आधारित)*

## पत्र–मञ्जुषा

# सहकारी क्षेत्रमा बढ्दो समस्या नियन्त्रणको खाँचो

राजधानीका सहकारीहरु यतिखेर धमाधम बन्द हुने अवस्थामा छन्। कतिपय बचतकर्ताको रकम नै लिएर भागिसकेका छन् भने भाग्ने क्रम जारी छ। सहकारी टाप कसेपछि बचतकर्ता बिचल्लीमा परेका छन्। कतै तपाईंको बचत रकम भएको सहकारी भाग्दै त छैन ? डुब्ने अवस्थामा त आइसकेको छैन ? यसमा चनाखो हुनुपर्ने बेला भएको छ। उपत्यकाबाहेक बाहिरी जिल्लाका सहकारीहरु भागेर बचतकर्ताहरु सडकमा ओइरिएका छन्। केही महिनाअघिदेखि सहकारीको भाग्ने क्रम ह्वात्तै बढेको पाइन्छ।

अहिले जताततै सहकारी भागेका कुराहरु मात्र सुन्नमा आइरहेको छ। हाम्रो पैसा डुब्यो भनेर बचतकर्ताहरु पिरोलिएका छन्। अरूको अवस्था देखेर हाँस्नु र टुलुटुलु हेरेर बस्नुको साटो आफ्नो बचत भएको सहकारीमा गएर बुझ्नु राम्रो हो। किनकि, यतिबेला सहकारीमा भएको सबै रकम कुम्ल्याएर सञ्चालक बेपत्ता हुने क्रम बढेको छ। त्यसैले पहिल्यै नै सतर्क हुनु नै बेस होला। थोपाथोपा गरेर जम्मा गरेको रकम बोकेर हिँडेपछि बचतकर्तालाई मर्नु न मोटाउनु भएको छ।

एक हजारदेखि २० लाखसम्म डुबेको कुराहरु बाहिर आइरहेका छन्। पछिल्लो समय एउटै घरमा पाँच वटासम्म सहकारी छ। ती सहकारीले दैनिक बजारबाट रकम उठाए पनि उचित ठाउँमा लगानी नगर्दा डुबेको कुरा स्पष्ट बुझिन्छ। सम्बन्धित निकायले बेलाबखत सहकारीको अनुगमन गर्ने चासो देखाएन। जसकारण आज लाखौं जनताको घरबास उठ्ने अवस्था बनेको छ। भाग्ने सहकारीको खोजतलास गरी कारबाही गर्न सरकारले ध्यान दिइएको पाइँदैन।

जनताको बिचल्ली भइसक्दा पनि सरकार मौन बसेको छ। धेरै मानिस सडकछाप बनिसकेका छन्। तर, सरकार सहकारीमा रकम जम्मा नगर्नूस् बरु बैंकमै लगेर राख्नूस् भनेर एउटा सूचनासमेत जारी गर्दैन। सहकारीमा पैसा राख्नुको दुईटै कारण छन्। एउटा बढी ब्याज, अर्को कर्जा। ब्याजको लोभमा पर्दा साँवा नै गुमेको छ। सहकारी कस्तो मान्छेले खोलेका छन् ? सञ्चालकमा कस्ता व्यक्ति बसेका छन् ? बुझ्दै नबुझी पैसा राख्दा यो हालत भएको हो।

सहकारीको साधारणसभामा जाने र गएबापत खाममा पैसा बोकेर हिँड्ने बानी छ, बचतकर्ताको। तर, त्यहाँ कार्यसमितिमा भएका व्यक्तिहरु उनीहरुले चिन्दैनन्। सहकारीहरु धेरै भागेको र धेरैले पैसा हिनामिना गरेको भनेर सहकारी विभागले भनिरहेको छ। विभागका अनुसार कतिपय सहकारीहरु घाटामा छन्। तिनीहरुको आज न भोलिको अवस्था बनिसकेको बताइन्छ। विभागले यसो भनिरहँदा जनता आफैं पनि अलिकति जागरुक हुनुपर्छ। विभागले सहकारीको अनुगमन आफूले नभई वडा र नगरपालिकाले गर्ने हो भनेर पन्छिएको छ।

वडा र नगरपालिका सुने पनि नसुनेझैं गरी बसेको छ। न भाग्ने सहकारीको खोजतलास गर्छ। सहकारी डुब्ने अवस्थामा पुग्दा पनि एकचोटि पनि निरीक्षण गरेको पाइँदैन्। यता, जनताको पैसा कुम्ल्याएर भाग्ने सहकारीको दर्ता खारेज पनि गर्दैन। हिजो सहकारीका अध्यक्ष आजका मेयर र वडाध्यक्ष हुन्। सहकारी छोडेर जनप्रतिनिधि बनेकाहरु यत्तिकै छन्। आफ्नै टोलीको भएकाले अनुगमन नगरेको बुझिन्छ। सहकारीले गर्दा हामी डुब्यौं भनेर सडकमा ओइरिनेको संख्या दिनानुदिन बढिरहेको छ।

सहकारीमा डिपोजिट गर्ने पनि डुबे, कर्जा लिने पनि सोत्तर भए। सहकारीको यस्तो ठगीधन्दा मौलाउँदा सरकार के हेरेर बसिरहेको छ ? सहकारीको कारणले यहाँ लाखौं मान्छेहरु सडकछाप हुने भए। सहकारीमा भएको अर्बौं रुपैयाँ डुब्ने अवस्था देखिन्छ। त्यसैले यसमा आम सर्वसाधारण सचेत हुनुपर्छ। सरोकारवाला निकाय र सरकारले नियमन तथा कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक छ। अन्यथा यसले ठूलो समस्या निम्त्याउने निश्चित छ।

***- अम्बिका भण्डारी, गोकर्णेश्वर***

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषयवस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। – सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# श्रमिक अस्पताल निर्माण गर्न सम्भाव्यता अध्ययन

■ प्रभाव संवाददाता

**भैरहवा–** श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरलाई श्रमिक अस्पताल निर्माण सम्भाव्यता अध्ययन कार्यदलले आफ्नो प्रतिवेदन बुझाएको छ ।

अध्ययन टोलीले देशका विभिन्न ठाउँमा श्रम अस्पताल निर्माणका लागि आवश्यक पर्ने स्रोत साधनको सम्भाव्यता अध्ययन गरेर ३५ पेज लामो प्रतिवेदन आइतबार मन्त्री कुँवरलाई बुझाएको हो ।

अध्ययन टोलीले तयार पारेको प्रतिवेदनमा श्रमिक अस्पतालको आवश्यकता, स्थापनाका उदेश्य, औचित्य, नेपालमा अस्पताल निर्माणमा भएका प्रयास, कार्यादेश, स्रोत व्यवस्थापन, सम्भाव्यता र चुनौतिहरु उल्लेख गरेको छ ।

साथै कार्यदलले अस्पताल निर्माणका लागि विराटनगर, बारा र भैरहवामा स्थलगत छलफल, अध्ययन र अनुगमन समेत गरेको छ । नेपालमा श्रमिक अस्पतालको आवश्यकता महशुस गरी सोही आधारमा कार्यदलले अस्पताल निमार्णका लागि १३ वटा सुझावहरु दिएको छ ।

कार्यदलका अनुसार अस्पताल निमार्णका लागि करिब २० अर्ब लागत लाग्ने छ । ५ सय देखि १ हजार वेड भएको अस्पताल निमार्णका लागि १० विगाह जग्गा आवश्यक पर्ने भएपनि दीर्घकालिनसम्मको लागि २५ विगाहसम्म जग्गा उपयुक्त हुने कार्यदलको ठहर छ । तर, जग्गाकै कारण निमार्ण कार्य रोक्न नहुने र अहिलेलाई ५ विगाह जग्गा उपलब्ध भएको ठाउँमा पनि अस्पताल निमार्ण कार्य सुरु गर्नुपर्ने कार्यदलले सुझावमा पेश गरेको छ ।

नेपाल सरकारले श्रम अस्पताल निमार्णका लागि दिएको सैद्धान्तिक सहमति तथा कार्यदलले सरकारवाला निकायसँग पटक पटक गरेको छलफलले अस्पतालको आवश्यकता पुष्टि भएकाले यथासिघ्र अस्पताल निमार्णकार्य अगाडी बढाउनु उपयुक्त हुने कार्यदलका संयोजक एंव श्रम मन्त्रालयका सहसचिव दिपक काफ्लेले बताए ।

त्यस्तै कार्यदलले तत्काल श्रमिक अस्पताल निर्माण तथा सञ्चालन गठन आदेश जारी गरी जग्गा प्राप्तिको प्रशासनिक कार्य टुंगाएर अस्पताल विकासका आवश्यक कार्य अघि बढाउन मन्त्रालय अन्तरगत श्रमिक अस्पताल विकास परियोजना कार्यालय स्थापना गरी कार्यसम्पादन गर्न उपयुक्त हुने निष्कर्ष निकालेको छ । कार्यदलले श्रमिक अस्पताल स्थापनका लागि कुन स्थान उपयुक्त हुन्छ भन्नेबारेमा खोजी र अस्पताल सञ्चालन विधिका बारेमा विभिन्न निकायको परामर्श र सुझावलाई प्रतिवेदनमा उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७८ फागुन ५ को मन्त्रिपरिषद् बैठकबाट नेपालमा श्रमिक अस्पताल स्थापनाको काम अघि बढाउने निर्णय गरेको थियो । यसका लागि श्रम मन्त्रालयलाई जिम्मेवारी दिइएको थियो ।

कार्यान्वयन प्रक्रिया अगाडि कसरी बढाउने भन्नेबारेमा श्रम मन्त्रालयका सहसचिव काफ्लेको संयोजकत्वमा स्वास्थ्य, वन र भूमि मन्त्रालयका प्रतिनिधिसहित श्रमिक अस्पताल निमार्ण सम्भाव्यता अध्ययन कार्यदल गठन गरिएको थियो ।

# बैतडीबाट तीन वर्षमा २०० जना हराए

**बैतडी–** भारतसँग सीमा जोडिएको यस जिल्लाबाट पछिल्लो तीन वर्षमा करिब दुई सय जना हराएका छन् ।

आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्म एक सय ८९ जना हराएका प्रहरी प्रवक्ता, प्रहरी निरीक्षक लोकराज जोशीले जानकारी दिए । उनका अनुसार आव २०७६/७७ मा ४५, २०७७/७८ मा ६०, आव २०७८/७९ मा ८४ जना हराएका हुन् ।

सो अवधिमा हराएकामध्ये अधिकांश महिला तथा बालबालिका रहेका छन् । हराएकामध्ये आव २०७६/७७ मा ३८, २०७७/७८ मा ३९, आव २०७८/७९ मा ५३ जना फेला परिसकेका छन् । उनसाठी जना अझै सम्पर्कविहीन रहेका छन् । हराएकाको अझै पनि जिल्लास्थित मातहतका प्रहरी चौकी तथा छिमेकी जिल्लामा हुलिया एवं तस्वीरसहित पत्राचार गरिएको र खोजी भइरहेको छ ।

हराउने महिला तथा बालबालिकामध्ये केही प्रहरीको सक्रियतामा भेटिन्छन् भने केही आफन्तकै पहलमा भेटिने गरेका छन् । हराउने बेला प्रहरीलाई खबर गर्ने गरेका भए पनि धेरै जना भेट्टिएका भए पनि प्रहरीमा खबर नगर्ने पनि गरेका छन् ।

पछिल्ला केही वर्षदेखि बैतडीबाट महिला तथा बालबालिका हराउनेक्रम बढिरहेको प्रहरी प्रमुख, प्रहरी नायब उपरीक्षक रमेश पालले बताए । घरेलु हिंसा, उमेर नपुग्दै प्रेम गर्ने र भागी विवाहका कारण पनि सो जिल्लामा हराउनेहरुको संख्यामा वृद्धि भएको हो । *रासस*

# खैरो हेरोइनसहित पक्राउ

**बर्दिया (प्रस)–** मधुवन नगरपालिका-८ कुसुम्बाघाट जंगलबाट करिब ३ सय ५० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने धूलो पदार्थ र नगद १३ हजार ३ सयसहित सोही नगरपालिका-८ गाउँ नम्बर ६ बस्ने २६ वर्षीय दोर्णराज गुरूङ लगायत २ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय ढोढरी र ईलाका प्रहरी कार्यालय सानोश्रीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ, नगद र उनीहरूले प्रयोग गरेको भे.११ प १३६२ नम्बरको मोटरसाइकल सहित फेला पारी पक्राउ गरेको हो ।

यसैबीच बेलकोटगढी नगरपालिका-३ ठूलो बगरस्थित बाटो छेउको झाडीबाट लोड अवस्थामा रहेको ३ नाल भरूवा बन्दुक आइतबार प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी कुमरीबाट खटिएको प्रहरीले गस्ती गर्दै जाने क्रममा उक्त बन्दुक फेला पारी बरामद गरेको हो ।


## मलेसिया/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEMBINAAN SUJAMAN SDN BHD

पूर्व स्वीकृति मिति : २०७६/०९/२३ पून विज्ञापन स्वीकृति मिति २०७९/०४/१५ LT. No. 230811 चलानी नं.६०१४३२६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 100 | 0 | 1100 | ३१,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TROPICAL SPA SALON

पूर्व स्वीकृति मिति : २०७९/०२/२७ पून विज्ञापन स्वीकृति मिति २०७९/०४/१५ LT. No. 264638 चलानी नं.६०१८३०४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 10 | 170 | ७०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : साउन २३ गते (8th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HIROYUKI INDUSTRIES (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१५ LT No :268126 चलानी नं. ६०१८४१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAXSTAR INTERNATIONAL SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/१५ LT No :268174 चलानी नं. ६०१८४१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति:साउन २३ गते (8th Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

